(संवत् २०८१ साल माघ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३

लालमोहर र प्रकाशन मिति
२०१३।१०।१२

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६➡ | २०६६।१०।७ |

२०१३ सालको ऐन नं. १८

2................

निजी वन जङ्गललाई राष्ट्रियकरण गर्ने ऐन

वन जङ्गल राष्ट्रिय धनको एक आवश्यक भाग भएको हुनाले राष्ट्रिय धन नाश हुनबाट रोक्न र देश तथा जनताको हितका लागि उत्तम रुपले वन जङ्गलको संरक्षण व्यवस्था तथा उपयोग गर्नको निमित्त निजी वन जङ्गललाई राष्ट्रियकरण गर्न आवश्यक भएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर तुरुन्त लागू हुनेछ ।

२. निजी वनको निर्धारणः (१) यस ऐनको तात्पर्यका लागि निजी वन जङ्गल भन्नाले यो ऐन प्रारम्भ हुनु अगावै पूरा वा केही अंशमा राज्यका (रेवेन्यू) माफी भई वा व्यक्ति विशेषले कुनै तवरबाट आफ्नु हक गराई भोग गरी आएको सबै प्रकारको जग्गा जमिनमा भएका वन जङ्गल र सो वन जङ्गल सिमानाभित्रको पर्ति जमिनलाई समेत सम्झनु पर्छ ।

तर,

---

➡ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून तथा संसद मामिला मन्त्रालय

(क) आवादी जग्गा जमिनमा बीच बीचको फाटफुट रुखहरु वा घर कम्पाउण्डभित्र वा फरक रहेका फलफूलका बगैंचा र सोभित्रका अरु रुख वन जङ्गल मानिने छैन ।

(ख) उपत्यका र पहाडमा २५ रोपनीसम्म र तराईमा ५ बिगाहासम्म जग्गा जमिनमा कसैले आफ्नै मेहनतबाट रुख लगाई पालेको भए त्यस्ता रुखहरु वन जङ्गल मानिने छैन ।

(२) निजी वन जङ्गलमा कुनै जग्गा जमिन पर्छ वा कुनै जग्गा जमिनमा निजी वन जङ्गल पर्छ भन्ने वा सो वन जङ्गलको सिमाना वा क्षेत्रफल यो हो भन्ने वा निजी वन जङ्गल हो वा होइन भन्ने कुरामा कुनै प्रश्न उठेमा सो कुरा नेपाल सरकारले त्यस कामका निमित्त मुकरर गरेका अधिकृतद्वारा निर्णय हुनेछ ।

(३) उपदफा (२) अन्तर्गत मुकरर भएका अधिकृतको निर्णयमा चित्त नबुझेका व्यक्तिले पैतीस दिनभित्रै नेपाल सरकारमा पुनरावेदन गर्न सक्नेछ, त्यस्तो पुनरावेदन दिने अधिकार फरेष्ट अधिकृतको पनि सुरक्षित रहनेछ ।

(४) त्यस्तो पुनरावेदन परेपछि निर्णय गर्नको निमित्त नेपाल सरकारले सर्वोच्च अदालतका न्यायाधीश वा न्यायाधीश हुन लायकको व्यक्तिको अध्यक्षतामा दुई अरु सदस्य मनोनीत गरी एक ट्राइबुनल गठन गर्नेछ र सो ट्राइबुनलको निर्णय अन्तिम हुनेछ ।

(५) उपदफा (२) वा (४) बमोजिम गरिएका निर्णय उपर नालिस उजूर सुन्ने कुनै अदालतको पनि अधिकार हुने छैन ।

३. निजी वन जङ्गललाई राष्ट्रियकरण गर्ने: (१) यो ऐन प्रारम्भ भएका मिति देखि नेपाल राज्यमा भएको सबै निजी वन जङ्गलको स्वामित्व नेपाल सरकारमा सर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) सो वन जङ्गलमा कुनै व्यक्तिको एकाधिकार हुने गरी भएको ऐन, सवाल, सनद वा अरु कुनै लिखत यो ऐन प्रारम्भ भएको मिति देखि खारेज हुनेछ ।

(३) सरकारिया वन जङ्गलका सम्बन्धमा लागू रहेका कानून यो ऐन प्रारम्भ भएका मिति देखि उपदफा (१) बमोजिम नेपाल सरकारमा सर्न आएको वन जङ्गलमा समेत लागू हुनेछ ।

४. राष्ट्रियकरण भएका वन जङ्गलको पुराना मालिकसँग भएका ठेक्काको असरः राष्ट्रियकरण भएका वन जङ्गलको पुराना मालिकसँग नेपाल सरकार मार्फत भएका रीतपूर्वकको ठेक्काहरु यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारसँग भए सरह नै मानिने छ ।

५. क्षतिपूर्तिको दावी गर्न नपाइनेः निजी वन जङ्गलमा भएको हक यो ऐन बमोजिम हरिएकोमा कुनै क्षतिपूर्तिको दावी गर्न पाइने छैन ।

६. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वित गर्नको निमित्त नेपाल सरकारले नियमहरु बनाउन सक्छ ।

७. नेपाल सरकारको बाधा अड्काउ हटाउने अधिकारः यो ऐनको दफाहरु कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले ती बाधा फुकाउनको लागि राजपत्रमा प्रकाश गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्तो हरएक आदेश यस ऐनमा परे सरह मानिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

*(मिति २०८१।११।१९ गते अद्यावधिक गरेको)*